परिशिष्ट "क"

**कल्याणकारी योजना निर्देशनालय।**
**कार्यरथी विभाग**
**जंगी अड्डा ।**

(प्रथम पटक सुचना प्रकाशित मिति २०७३/१०/१२ गते)

१. यस निर्देशनालय अन्तर्गत कल्याणकारी औषधोपचार व्यवस्था कार्यालय, छाउनीमा करार सेवामा आवश्यक फार्माशिष्ट अधिकृतस्तर र औषधी वितरक कर्मचारीहरु खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डामा दरखास्त आव्हान गरिन्छ ।

**पदपूर्ति गर्नुपर्ने पद तथा योग्यताको विवरण**

| सि.नं. | आवश्यक पद | पद संख्या | योग्यता र अनुभव | कै. |
|---|---|---|---|---|
| १ | फार्माशिष्ट (अधिकृत स्तर) | २ | (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा Bachelors Degree In Pharmacy उर्त्तिर्ण भएको हुनुपर्ने ।<br>(ख) कम्प्युटर सम्बन्धि आधारभुत ज्ञान हासिल गरेको हुनुपर्ने ।<br>(ग) हस्पिटल फार्मेसीमा कम्तिमा ३ महिनाको अनुभव भएको हुनुपर्ने । | |
| २ | औषधी बितरक | ६ | (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट Diploma in Pharmacy उर्त्तिण भएको हुनुपर्ने ।<br>(ख) कम्तीमा १ महिनाको Internship गरेको हुनुपर्ने ।<br>(ग) कम्प्युटर सम्बन्धी आधारभुत तालिम प्राप्त गरेको हुनुपर्ने । | |

२. दरखास्त फाराम पाईने स्थान, दस्तुर र फाराम बुझाउने अन्तिम मिति तथा स्थान फार्माशिष्ट अधिकृतस्तरको रु.१०००।– र औषधी वितरकको लागि रु.२००।– दरखास्त फाराम दस्तुर तिरी श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डाबाट फाराम प्राप्त गरी यसै निर्देशनालयमा मिति २०७३/१०/२६ गतेको कार्यालय समयभित्र फाराम बुझाउनु पर्नेछ

३. सेवाको शर्त

(क) करार सेवा हुनेछ ।

(ख) आवश्यकता अनुसार प्रत्येक बर्ष करार अवधि थप हुनेछ ।

४. दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(ख) सम्पूर्ण शैक्षिक तहको लब्धाङ्क पत्र, चारीत्रिक प्रमाणपत्र र प्रोभिजनल प्रमाणपत्रको प्रतिलिपीहरु ।

(ग) आफुले प्राप्त गरेको अनुभव तथा अन्य तालिमको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) हालसालै खिचेको पासपोर्ट साईजको २ (दुई) प्रति फोटो तथा रु.१० को टिकट टांसी फायल सहित पेश गर्नु पर्नेछ ।

५. छनौट प्रक्रिया लिखित परिक्षाको नतिजाको आधारमा Short Listing गरी व्यवहारीक परिक्षा तथा अन्तरवार्ता लिई अन्तिम नतिजा प्रकाशन गरिनेछ ।

६. तलब, भत्ता तथा अन्य सुविधाहरु **"कल्याणकारी योजना निर्देशनालय अन्तरगत आवश्यक जनशक्ति नियुक्ति, सेवा, शर्त तथा सुविधा सम्बन्धि कार्यविधि २०६७"** अनुसार हुनेछ ।

७. सर्म्पक मिति र स्थान २०७३/१०/२८ गतेको ११०० बजे, श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डा ।

८. नोट:

(क) उम्मेदवारहरुले सम्पर्क तथा परिक्षा हुने स्थानमा आफ्नै व्यवस्थाले आई प्रतिवेदन गर्नु पर्नेछ ।

(ख) परिक्षा सम्बन्धी विस्तृत विवरण सम्पर्क मितिमा जानकारी गराईने छ ।

(ग) दरखास्त पेश गर्ने उम्मेदवारहरु उपर कुनै वात कसुर नलागेको र कुनै पनि राजनीतिक दलको सदस्य नरहेको हुनु पर्नेछ ।

(घ) अन्तरवार्तामा सहभागी हुन आउने उम्मेदवारहरुले सक्कलै प्रमाण पत्रहरु साथमा ल्याउनु पर्नेछ ।

(ङ) थप केही जानकारी लिनु परेमा श्री कल्याणकारी योजना निर्देशनालय, जंगी अड्डाको फोन नं. ०१-४२१६८४६ तथा ०१-४२२५९४३ मा सम्पर्क राख्न सकिनेछ ।